# तिनाउ गाउँपालिकाको आर्थिक विधेयक २०७९

तिनाउ गाँउ पालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** :-तिनाउ गाँउपालिकाको आर्थिक वर्ष २०७९।०८० को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने ,छुट दिने तथा आय संकलनको प्रशासनिक व्यावस्था गर्न वाञ्छनिय भएकाले, नेपालको संविधानको धारा २८८ को उपधारा २ बमोजिम तिनाउ गाँउ सभाले यो ऐन बनाएको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम "आर्थिक ऐन,२०७९"रहेको छ ।

(२) यो ऐन २०७९ श्रावण १ गते देखि तिनाउ गाँउपालिका क्षेत्रमा लागु हुनेछ ।

**२ सम्पति कर** : गाँउपालिका क्षेत्र भित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पति कर /घरजग्गा कर लगाईने र असुल उपर गरिने छ ।

**३ भूमि कर(मालपोत)** :गाँउपालिका क्षेत्र भित्र अनुर्सुचि (२) बमोजिम भूमि कर(मालपोत) लगाईने र असुल उपर गरिने छ ।

**४ घर वाहाल कर** :गाँउपालिका क्षेत्र भित्र कुनै व्याक्ति वा संघ संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरि पुरै वा आंशिक तवरले वाहालमा दिएकोमा अनुसुचि (३) बमोजिम घर जग्गा वाहाल कर लगाईने र असुल उपर गरिने छ ।

**५ व्यवसाय कर** :गाँउपालिका क्षेत्र भित्र व्यापार, व्यावसाय वा सेवामा पूजिंगत लगानि र आर्थिक कारोवारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ ।

**६ जडिबुटी, कवाडि र जीवजन्तु कर** :गाँउपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबटी, वनकस कवाडी माल र प्रचलित कानुनले निषेध गरियको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला,जस्ता बस्तुको व्यावसायिक कारोवार गरे वापत अनुसुचि (५) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ ।

**७ सवारी साधन कर** :प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएकोले सोहि बमोजिम हुनेछ ।

**८ विज्ञापन कर** :गाँउपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुचि (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**९ मनोरन्जन कर :**गाँउपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यावसाय सेवामा अनुसुचि (८) बमोजिम व्यावसाय कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**१० बहाल बिटौरी शुल्क :** गाँउपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेमा अनुसुचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसुचिमा भएको व्यावस्था अनुसारबहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिने छ ।

**११ पार्किङ शुल्क :**गाँउपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाइ पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुचि (१०) बमोजिम लगाईने र असुल उपर गरिने छ ।

**१२ ट्रेकिङ्ग,कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क ::**गाँउपालिकाले आफ्नो क्षेत्र भित्र किङ्ग,कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यावसाय संचालन गरेवापत अनुसुचि (११) बमोजिम शुल्क लगाईने र असुल उपर गरिने छ ।

**१३ सेवा शुल्क दस्तुर :** गाँउपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुचि (१२) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईने सेवामा सेवाग्राहिबाट सोहि अनुसुचिमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिने छ ।

**१४ पर्यटन शुल्क :**गाँउपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसुचि १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अबस्थामा सोहि बमोजिम हुनेछ ।

**१५ कर छुट :** यस ऐन बमाजिम कर तिर्ने दायित्व भएका व्याक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६ कर तथा शुल्क संकल्न सम्बन्धि कार्यबिधि :** यो ऐनमा भएको व्यावस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाँउपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची-१
## सम्पत्ति करको दररेट

तिनाउ गाउँपालिकाको सम्पत्ति करको दररेट देहाय बमोजिम लागु गर्नका लागि गाउँ कार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो । सम्पत्ति कर लगाउने प्रयोजनका लागि जग्गा र घरको मूल्यांकन प्रचलित कानूनका अधिनमा रही सम्पत्ति कर नियमावली तयार गर्न गाउँकार्यपालिकालाई सिफारिस गर्ने निर्णय गरियो । सम्पत्ति कर गाउँकार्यपालिकाले नियमावली तयार गरी लागू नभएसम्मका लागि अनुसूची २ बमोजिमको मालपोत दस्तुर लिनका लागि गाउँ कार्यपालिका लाई अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | सम्पत्ति करको दररेट | दर |
|---|---|---|
| १ | १।०० देखि ५००,०००।०० सम्म | ५० |
| २ | ५००००१।०० देखि १००००००।०० सम्म | ७५ |
| ३ | १०००००१।०० देखि १५०००००।०० सम्म | १०० |
| ४ | १५००००१।०० देखि २००००००।०० सम्म | १२५ |
| ५ | २१००००१।०० देखि २५०००००।०० सम्म | १५० |
| ६ | २५००००१।०० देखि ३००००००।०० सम्म | १७५ |
| ७ | ३००००01।०० देखि ४००००००।०० सम्म | २०० |
| ८ | ४००००01।०० देखि ५००००००।०० सम्म | २५० |
| ९ | ५००००01।०० देखि ६००००००।०० सम्म | ३०० |
| १० | ६००००01।०० देखि ८००००००।०० सम्म | ३५० |
| ११ | ८०००००१।०० देखि १०००००००।०० सम्म | ४०० |
| १२ | १००००००१।०० देखि १२५०००००।०० सम्म | ५०० |
| १३ | १२५००००१।०० देखि १५००००००।०० सम्म | ६०० |
| १४ | १५००००००१।०० देखि २००००००००।०० सम्म | ७०० |
| १५ | २००००००१।०० देखि २५००००००।०० सम्म | ८०० |
| १६ | २५००००००१।०० देखि ३००००००००।०० सम्म | ९०० |
| १७ | ३००००००१।०० देखि ४००००००००।०० सम्म | १००० |
| १९ | ४००००००१।०० देखि माथि प्रति करोडमा | १०००थप |

## अनुसूची -२

### घर कर

| क्र.स | घरको प्रकार | १ तला | २ तला | ३ तला |
|---|---|---|---|---|
| १ | फुसको | ३० | ४५ | ६० |
| २ | कच्चि घर | ४० | ६० | ८० |
| ३ | पक्कि घर | १०० | १५० | २०० |

### मालपोत दस्तुर

| क्र.स | मालपोत वा भुमि कर | दर |
|---|---|---|
| १ | अब्बल प्रति रोपनी | १० |
| २ | दोयम प्रति रोपनी | ८ |
| ३ | सिम प्रति रोपनी | ६ |
| ४ | चहार प्रति रोपनी | ४ |

## अनुसुची ४

### व्यवसाय करको दर

व्यवसाय दर्ता तथा नविकरण सम्वन्धी कार्यविधि २०७५ अनूसार कर सकलन गरिनेछ ।

## अनुसूची-५

### जडीबुटी, कवाडी र जीवजन्तु कर

| क्र.स | विवरण | करको दर |
|---|---|---|
| १ | दालचिनि प्रति के.जी. | ५० पौसा |

## अनूसूची-६

### सवारी साधन कर

लुम्विनी प्रदेश सरकारको अर्थसम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक"प्रदेश आर्थिक ऐन" को दफा ३ सँग सम्वन्धित अनुसुचि २ बमोजिम संकलन गरिनेछ ।

CamScanner

## अनूसूची-७

### विज्ञापन कर

| क स | विवरण | | कर,दस्तूर,शूल्क |
|---|---|---|---|
| १ | विज्ञापन दर | साइनवोर्ड, ग्लोवार्ड, स्टल आदिमा प्रति वर्गफुट (४५ भन्दा ठूलोमा) | ४५। |
| | | साइनवोर्ड, ग्लोवार्ड, स्टल आदिमा ४५ वर्गफुट सम्म प्रति वर्गफुट | ५०। |

## अनुसूची ८

### मनोरञ्जन कर

| क स | विवरण | | कर,दस्तूर,शूल्क |
|---|---|---|---|
| १ | विज्ञापन दर | फिल्म सूटिङ्ग | १०००। |
| | | फिसिङ्ग प्रति बल्छि र प्रति जाल | २००/३००। |

## अनुसूची– १२

### सेवा शुल्क, दस्तुर

| सि.न | कर सूचि | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| १ | नाता प्रमाणित | अंग्रेजी | २०० |
| | | नेपाली | १०० |
| २ | राहदानी सिफारिस | | |
| ३ | जग्गा नामसारि | सिफरिस | १०० |
| ४ | पति पत्नीको सम्बन्ध बिच्छेदको सिफारिस | | १०० |
| ५ | पेन्सनकार्ड वा सो सम्बन्धी अन्य सिफारिस | | १०० |
| ६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस | | १०० |
| ७ | भरतीय पेन्सन पारिवारिक विवरण र अन्य सिफारिस | | ३०० |
| ८ | भारतीय पेन्सन सिफारिसका लागि | | ३०० |

CamScanner

| सि.न | कर सूचि | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| ९ | नेपालको पेन्सन पारिवारिक विवरण | | १०० |
| १० | वृटिश पेन्शन पारिवारिक विवरण सिफारिस | | ३०० |
| ११ | संघ संस्था | दर्ता सम्बन्धी सिफारिस | १०० |
| | | नविकरण सम्बन्धी सिफारिस | १०० |
| १२ | निजी विद्यालय दर्ता र स्तर बृद्धि (स्तर अनुसार) | बाल विकास केन्द | १०० |
| | | आधारभूत १ देखि ५ | ५०० |
| | | मा.वि. | १००० |
| | | स्नातक वा सा भन्दा बढी | २००० |
| | | प्राविधिक शिक्षा सिफारिस | १५०० |
| १३ | काठ दाउरा सिफारिस | कू काठ प्रतिचट्टा काठ | २०० |
| | | साल प्रति क्यू फुट | २५ |
| १४ | वंशजको नागरिकता सम्बन्धी सिफारिस | | १०० |
| १५ | नवालक परिचय पत्र ( सिफारिस) | | १०० |
| १६ | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | | ५०० |
| १७ | नाम छूटको सिफारिस | | १०० |
| १८ | व्यक्तिगत घटना ३५ दिनपछि | नया दर्ता | २०० |
| १९ | | प्रतिलिपि | ५०० |
| २० | सर्जिमिन मुचूल्का | साधारण | २०० |
| | | स्थलगत | ५०० |
| २१ | चौकिल्ला प्रमाणित | सिदार्थ राजमार्गले छोएको | ५०० |
| | | ग्रामिण सडकले छोएको | ३०० |
| | | अन्य स्थान | १०० |
| २२ | सनाखतको सिफारिस | | १०० |
| २३ | जन्म मृत्यू सम्बन्धी सिफारिस | अंग्रेजी | १०० |
| | | नेपाली | १०० |
| | | प्रमाणित शुल्क | १०० |
| २४ | स्थायी बसोबास सम्बन्धी सिफारिस | | १०० |
| २५ | नाम, थर, जन्म मिति | | ५०० |

| सि.न | कर सूचि | विवरण | सेवा शुल्क, दस्तुर |
|---|---|---|---|
| | संशोधन सिफारिस | | |
| २६ | अविवाहित प्रमाणित | नेपाली | १०० |
| | | अंग्रेजी | १०० |
| २७ | | वसाइसरइ | १०० |
| २८ | | चारित्रिक सिफारिस वैदेशिक प्रयोजनका लागि | ५०० |
| २९ | | चारित्रिक सिफारिस स्वदेशी प्रयोजनका लागि | १०० |
| ३० | | चारित्रिक सिफारिस विद्यार्थी | १०० |
| ३१ | | जनजाती र दलित प्रमाणित | १०० |
| ३२ | विद्युत जडान सम्बन्धी सिफारिस स्तर अनुसार | १) सामान्य<br>कच्ची घर<br>पक्की घर | १००,२०० |
| | | २) व्यवसायिक | ५०० |
| | | ३) थ्रिफेज | १००० |
| ३३ | टेलिफोन जडान सम्बन्धी सिफारिस | | २०० |
| ३४ | निजी धारा जडान सम्बन्धी सिफारिस | | १०० |
| ३५ | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस आार.सी.सी.पक्की घर अन्य घर | पक्की घर<br>कच्ची घर | २०० |
| ३६ | उद्योग स्थापना सिफारिस | ठूलो उद्योग | दर्ता शुल्क तिर्नुपर्ने |
| | | मझौला उद्योग | |
| | | साना उद्योग | |
| ३७ | छात्रवृत्ति सम्बन्धी सिफारिस | स्वदेशि प्रयोजन | १०० |
| | | विदेशि प्रयोजन | ५०० |
| ३८ | मिलापत्र दस्तुर प्रति पक्ष | | ५०० |
| ३९ | आई.ई.ई सिफारिस | सवै | १००००। |
| ४० | नया खानी दर्ता | खानी सवै | ३०००००। |
| ४१ | वातावरण तथा विकास शूल्क | ठुलो स्तरको खानी | ३५,००,०००। |
| | | मझौला स्तरको खानी | २५,००,०००। |
| | | सानो स्तरको खानी | १५,००,०००। |

नोट: दीन दु:खीहरुको हकमा कार्यकारी अधिकृत, वडाअध्यक्षको तोक आदेश अनुसार निशुल्क सेवा प्रदान गर्न सकिन्छ ।

## हैसियत प्रमाणित

| सि.न | कर सूचि | विवरण | कर,दस्तुर,शुल्क |
|---|---|---|---|
| १ | ऋण र वैदेशिक रोजगारका लागि मूल्याङ्कन र बार्षिक आम्दानी( ऋण लिन र वैदेशिक रोजगार) | रु.१० लाख सम्म | ५०० |
| | | रु.२० लाख सम्म | १००० |
| | | रु.३० लाख सम्म | १५०० |
| | | रु.४० लाख सम्म | २००० |
| | | रु.५० लाख सम्म | २५०० |
| | | रु.५० लाखभन्दा बढीमा प्रति १०लाख | १००० |

## प्राकृतिक साधन उपयोग कर

लुम्बिनी प्रदेश सरकारको अर्थसम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक"प्रदेश आर्थिक ऐन" को दफा ९ सँग सम्वन्धित अनुसुचि ६ बमोजिम संकलन गरिनेछ ।

## घर नक्शापास दस्तुर

| विवरण | आवसिय भवन | व्यापारिक भवन | कैफियत |
|---|---|---|---|
| अभिलेखिकरण | | | |
| अभिलेखिकरण | रु ३ प्रति व.फि | रु ५ प्रति व.फि | |
| ट्रस अभिलेखिकरण | रु १ .५ प्रति व.फि | रु १ प्रति व.फि | |
| घर सुचिकृत दस्तुर | रु ५०० प्रति घर | रु १५०० प्रति घर | मापदण्डमा नपरेका |
| नयाँनक्सा | | | |
| आर.सि.सि फ्रेम स्ट्रकचर | रु ६ प्रति व.फि | रु ८ प्रति व.फि | |

| | | | |
|---|---|---|---|
| ईट्टा,ढुङ्गा,ब्लकको सिमेन्टको गाह्रोमा टिन,टायलको छाना | रु ४ प्रति व.फि | रु ६ प्रति व.फि | |
| ईट्टा,ढुङ्गा,ब्लकको माटोको गाह्रोमा टिन,टायलको छाना | रु ३ प्रति व.फि | रु ५ प्रति व.फि | |
| ट्रसमा टिन,टायलको छाना | रु २ प्रति व.फि | रु ४ प्रति व.फि | |
| थप नक्सा निर्माण दस्तुर | | | |
| | रु ८ प्रति व.फि | रु ८ प्रति व.फि | |
| नक्सा नामसारी दस्तुर | | | |
| खरिद /बिक्री सट्टा पट्टा | रु ३ प्रति व.फि | रु ६ प्रति व.फि | |
| अंशबण्डा | रु २ प्रति व.फि | रु ४ प्रति व.फि | |
| घरधनी मृत्यु | रु १००० प्रति घर | रु १००० प्रति घर | |
| नक्शा पास किताब | रु.५०० प्रति घर | | |

## अनुसूची -१३
## पर्यटन शुल्क

पर्यटकीय सम्भाव्यता भएका स्थानहरुको पहिचान भएका क्षेत्रहरुको पहिचान गरी गाउँसभाबाट अनुमोदन गर्ने गरी पर्यटन शुल्क तोक्न गाउँ कार्यपालिका लाई अनुरोध गर्ने निर्णय गरियो ।

विशेष परिस्थितिमा उल्लेखित कर/शुल्क/दस्तुर आदिका दरहरूमा कार्यान्वयनको समयमा समस्या पर्न आएमा आगामी गाउंसभाबाट अनुमोदन गराउने गरी गाउकार्यपालिकालाई कर/शुल्क/दस्तुर आदिका कर, सेवा शुल्कहरूमा आवश्यकता बमोजिम हेरफेर गर्न सकिने अधिकार हस्तान्तरण गराउन गाउंकार्यपालिका अनुरोध गर्ने निर्णय गरियो ।

निर्णयहरू :

१, तिनाउ गाउँपालिकाको आर्थिक विधेयक. २०७८ गाउँपालिका उपाध्यक्ष श्री लाल बहादुर थापाद्वारा ११ औं गाउँसभा बैठकमा पेश गर्नु भयो । विधेयक माथि गाउँसभा सदस्यहरूले वृहत छलफल गरी सभामा आफ्नो राय सुझाव छुटेका विषयमा टिप्पणी पेश गर्नु भयो । प्राप्त भएका सुझावहरूलाई आर्थिक विधेयकमा समावेश गर्ने गरी आर्थिक विधेयक. २०७८ को रूपमा सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।